# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १२, अङ्क २
(२०७९ चैत १७ गतेदेखि २०८० असार १५ गतेसम्म)


## बागमती प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

बागमती प्रदेशमा सन् २०२३ को दोस्रो तीन महिना (अप्रिल देखि जुनसम्म) को अवधिमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई हेर्ने हो भने अन्यपक्षबाट महिला तथा बाल अधिकार हनन् बाहेक राज्यपक्षबाट उल्लङ्घनका घटनाहरू उल्लेखनीय र गम्भीर प्रकृतिका भएनन्।

तथापि अन्यपक्षबाट हुने मानव अधिकार उल्लङघन् र ज्यादतीका घटनाहरूमा महिला तथा बालबालिका पीडित भएका छन। विशेष गरी महिला तथा बालिकाहरू बलात्कार तथा यौन जन्य हिंसाका घटनामा पीडित भएका छन्। यो अवधिमा तीन वर्षीया बालिकादेखि ५७ वर्षीया महिलासम्म यौनजन्य हिंसाबाट पीडित भए।

बागमती प्रदेशको अभिलेख अनुसार सन् २०२३ को दास्रो तीन महिनाको अवधिमा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ७० जना महिला सहित ३ सय ६० जना पीडित भए। जसमा राज्यपक्षबाट घाइते, कुटपिट र अभिव्यक्ति स्वतन्त्रताको अधिकार उल्लङ्घनको घटनामा २१ जना महिला सहित ७७ जना पीडित भए। अभिलेखित घटना अनुसार भेला अभिव्यक्ति स्वतन्त्रताका घटनामा आठ जना महिला सहित ४४ जना घाइते भए। यस अवधिमा एक जनाको कारागारमा मृत्यु भयो।

यसैगरी अन्यपक्षबाट ४७ जना पुरुष र २ सय ३८ जना महिला गरी २ सय ३८ जना पीडित भए । अभिलेखित घटना अनुसार ६ जना महिलासहित १७ जनाको हत्या भयो। यो अवधिमा सबैभन्दा बढी बाल अधिकार उल्लङ्घनका घटनामा १ सय ६ जना बालबालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ७४ जना महिला पीडित भए । जसमध्ये ५४ जना बालिका बलात्कार, तीन जना बालिका बेचबिखन र २८ जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए। साथै, महिलाविरुद्ध हुने हिंसाका घटनामा ७४ जना महिला पीडित भए। जसमध्ये २४ जना बलात्कार, ११ जना बलात्कार प्रयास र चार जना यौन दुर्व्यवहारका घटनामा पीडित भए।

यसअघि विभिन्न प्रकारका मानव अधिकार तथा ज्यादतीका घटनामा संलग्न आरोपितहरूमाथि पनि कानुनी कारबाही हुन नसक्नु लगायतका

कारणले ज्यादतीका घटना कम हुन सकेको छैन। महिला र बालबालिका माथि हुने हिंसाका घटना न्यूनीकरणका लागि स्थानीय सरकारले पनि स्पष्ट नीति ल्याउन नसक्नु तथा रोजगारीको अवसर नहुनु तथा बेरोजगार जनशक्ति बढ्नुले पनि महिला र बालबालिका माथि हुने हिंसा बढेर गएको हो।

यस्तो परिस्थितिमा न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउने, आमनागरिकलाई उनीहरूका कर्तव्य बोध गराउनेलगायतका काममा स्थानीय तहको क्षमता विकास गराउनु आजको आवश्यकता देखिन्छ। साथै स्थानीय सरकारलाई मानव अधिकार रक्षाका लागि जिम्मेवार बनाउन सके मात्रै आम नागरिकको अधिकार सुनिश्चित हुन सक्ने कुरामा दुई मत छैन।

**गणेश भण्डारी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी-मार्च २०२३)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तारी | १८ | ३९ | ५७ | | | | ५७ |
| घाइते | ३ | १७ | २० | ३ | ९ | १२ | ३२ |
| कुटपिट | | | | ११ | १३ | २४ | २४ |
| बाल अधिकार | | | | ९६ | १० | १०६ | १०६ |
| अमानवीय व्यवहार | | | | १ | | १ | १ |
| हत्या | | | | ६ | ११ | १७ | १७ |
| जातीय विभेद | | | | | १ | १ | १ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ८ | ३६ | ४४ | | | | ४४ |
| धम्की | | | | | २ | २ | २ |
| महिला अधिकार | | | | ७४ | | ७४ | ७४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | १ | १ | १ |
| कारागारमा मृत्यु | | १ | १ | | | | १ |
| जम्मा | २९ | ९३ | १२२ | १९१ | ४७ | २३८ | ३६० |

# बागमती प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०७९ चैत १७ गतेदेखि २०८० असार १५ गतेसम्म)

### गोली प्रहारबाट घाइते

#### राज्यपक्षबाट

**काठमाडौँ**

काठमाडौँ महानगरपालिका-९, शम्भु मार्गमा ०८० जेठ २८ गते लागु औषध बोकेको आरोपमा गिरफ्तार गर्ने क्रममा प्रहरीले प्रहार गरेको गोली लगेर सुनसरीका ३७ वर्षीय विकास भगत घाइते भए। घटनापछि नेपाल प्रहरी प्रवक्ता कुवेर कडायतले पत्रकार सम्मेलनमार्फत प्रहरीले खैरो हिरोइन बोकेका भगतलाई नियन्त्रण लिने क्रममा उहाँले प्रहरीमाथि कुटपिट र हतियार खोस्ने प्रयास गरेपछि प्रहरीले गोली चलाएको बताए। गोली प्रहारबाट घाइते भएका भगतलाई प्रहरीले सिनामंगलस्थित काठमाडौँ मेडिकल कलेजमा उपचारका लागि भर्ना गर्यो। अस्पतालमा उपचारपश्चात भगत ०८० असार ६ गते डिस्चार्ज भए। अस्पतालबाट डिस्चार्ज भएपछि प्रहरीले भगतलाई लागु औषध नियन्त्रण ब्युरोको हिरासतमा राखेर अनुसन्धान सुरु गर्यो। उक्त घटनामा प्रहरीले जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगका आधारमा आरोपितविरुद्ध जिल्ला अदालतमा वैशाख असार २० गते मुद्दा दर्ता गर्यो। जिल्ला अदालतले सोही दिन थुनछेक बहसमार्फत आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

### कारागारमा मृत्यु

**रामेछाप**

लिखु तामाकोसी गाउँपालिका-३ बिजुलीकोट घर भई जिल्ला कारागार कार्यालय रामेछापमा थुनुवा जीवन बिताउँदै आएका ५२ वर्षीय वीरे दर्जीको ०७९ चैत २४ गते दिउँसो मृत्यु भयो। कारागारमा दिउँसो १ बजेतिर बिरामी परेका दर्जीको जिल्ला अस्पताल रामेछापमा उपचारको क्रममा मृत्यु भएको जिल्ला कारागार कार्यालय रामेछापका प्रमुख रुपलाल तामाङले बताए। अकस्मात् चक्कर लागेपछि कारागारकै स्वास्थ्यकर्मीले उनको सामान्य स्वास्थ्य परीक्षण गरी थप उपचारका लागि नजिकैको जिल्ला अस्पताल पठाएकोमा मृत्यु भएको खबर आएको तामाङले बताए। कर्तव्य ज्यान मुद्दाको पुर्पक्षको क्रममा दर्जीलाई फागुन ४ गते थुनामा परेका थिए। शवको चैत २५ गते पोष्टमार्टम गरी परिवारलाई बुझाइयो।

### गिरफ्तार

**काठमाडौँ**

काठमाडौँ महानगरपालिका-१०, थापागाउँमा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) विरुद्ध नाराबाजी गरेको आरोपमा प्रहरीले ०७९ चैत ७ गते काठमाडौँ महानगरपालिका-१०, थापागाउँबाट ३ जना युवालाई गिरफ्तार गर्‍यो। गिरफ्तारीमा पर्नेहरुमा सोलुखुम्बुका २३ वर्षीय उद्धव बस्नेत, बाग्लुङका ३० वर्षीय सोम शर्मा र बझाङका १८ वर्षीय विप्लव खड्का रहेका थिए। जिल्ला प्रशासन कार्यालय काठमाडौँले गिरफ्तार गरेका तीन युवालाई अभ› व्यवहार मुद्दामा चैत ८ गते पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न प्रहरी वृत्त नयाँ बानेश्वरलाई अनुमति दियो। सोही मुद्दामा काठमाडौँका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले चैत १२ गते रिहाइका लागि आरोपितसँग पाँच हजार रुपैयाँ धरौटी माग गरेका थिए। तर प्रमुख जिल्ला अधिकारीले तोकेको धरौटी रकम तिर्न अश्वीकार गरेपछि आरोपितहरूलाई डिल्लीबजार कारागार पठाइएको थियो। आरोपितहरुले माग गरेको धरौटी रकम तिरेपछि ०७९ चैत १४ गते डिल्लीबजार कारागारबाट रिहा भएका थिए।

काठमाडौँ महानगरपालिका स्थित सिंहदरबार अगाडि मिटरब्याजीले बनाएको फर्जी तमसुक खारेज गर्नुपर्ने, मिटरब्याज पीडितविरुद्ध अदालतमा रहेका मुद्दा खारेज हुनुपर्ने लगायतका माग राखेर प्रदर्शनमा उत्रिएका १७ जना मिटरब्याज पीडितलाई प्रहरीले ०७९ चैत २४ गते सिंहदरबार अगाडिबाट गिरफ्तार गर्‍यो। गिरफ्तारीमा पर्नेहरूमा रुपन्देहीका ३० वर्षीय अवधेश कुशवाह, भक्तपुरका २५ वर्षीय सौरभ श्रेष्ठ, कैलालीका २५ वर्षीय अविशेक भुल, रौतहटकी ३८ वर्षीया बोध कुमारी खड्का, महोत्तरीकी ५५ वर्षीया जैस्तला कोइरी, नवलपरासी सुस्ता पश्चिमका २८ वर्षीय विकेश चौधरी, रुपन्देहीकी ३२

वर्षीया रविता खातुन, धनुषाकी ५५ वर्षीया सन्तोषी देवी केवट, सिराहाका ४० वर्षीय रामशुभक मुसहर, रौतहटका ३५ वर्षीय नवाब सरिफ, रुपन्देहीका २९ वर्षीय उमेश कोइरी, कपिलवस्तुका २६ वर्षीय अंकित खनाल, नवलपरासीकी ४२ वर्षीया अम्बिका चौधरी, सिराहाकी ४८ वर्षीय तिलेश्वरी देवी यादव, रौतहटकी ३९ वर्षीया देवसरा देवी राजबाहक, महोत्तरीका ५६ वर्षीय अकबर मियाँ, सिराहाका ४५ वर्षीय मोहरलाल यादव रहेका थिए। गिरफ्तारीमा परेका उनीहरुलाई नगर प्रहरी कार्यालय भृकुटी मण्डपमा ३ घण्टा राखेर प्रहरीले सोही दिन बेलुकी ५ बजे छाडेको थियो।

काठमाडौँ महानगरपालिका स्थित नयाँबानेश्वरमा सङ्क्रमणकालीन न्यायसम्बन्धी प्रस्तावित विधेयकको विरोध गर्दै नयाँबानेश्वरमा प्रदर्शनमा उत्रिएका ११ जना द्वन्द्वपीडितहरूलाई प्रहरीले ०८० वैशाख ५ गते नयाँ बानेश्वरबाट गिरफ्तार गर्‍यो। गिरफ्तारीमा पर्नेहरूमा रामेछापका ६० वर्षीय कल्यनण बुढाथोकी, रामेछापकी ४५ वर्षीया रिता कार्की, पाँचथरका ४६ वर्षीय रणविर लावती, बाँकेका ४६ वर्षीय हरि सुनार, बाँकेकी ४५ वर्षीया निमा गुरुङ, बाँकेकी ४० वर्षीया जयरुपा खत्री, रौतहटकी ४५ वर्षीया बिना महत दाहाल, सिरहाकी ४० वर्षीया गिता तामाङ, उदयपुरकी ४२ वर्षीया सानुमाया कार्की, कैलालीकी ४३ वर्षीया धनकला टमाटा र सुनसरीकी ४२ वर्षीया सावित्रा अधिकारी रहेका थिए। गिरफ्तारीमा परेका द्वन्दपीडितहरूलाई प्रहरीले प्रहरी वृत्त नयाँबानेश्वरमा दुई घण्टा राखेर सोही ४ बजे रिहा गरेको थियो।

काठमाडौँ महानगरपालिका स्थित सिंहदरबार अगाडि नक्कली भुटानी शरणार्थी प्रकरणका मूल दोषीहरूलाई कारबाही गर्न माग गर्दै ०८० जेठ १४ गते सिंहदरबार अगाडि प्रदर्शनमा उत्रिएका मानव अधिकार तथा शान्ति समाज नेपालका संस्थापक सभापति कृष्ण पहाडीसहित १७ जनालाई प्रहरीले गिरफ्तार गर्‍यो। गिरफ्तारीमा पर्नेहरूमा काठमाडौँका ६५ वर्षीय कृष्ण पहाडी, काठमाडौँका ६० वर्षीय अर्जुन पराजुली, काठमाडौँका ५७ वर्षीय उत्तम पुडासैनी, काठमाडौँका ६० वर्षीय विमल अर्याल, ललितपुरका ५० वर्षीय चन्द्रमणी बञ्जारा, काठमाडौँकी ३८ वर्षीया नम्रता खरेल, काठमाडौँका ४३ वर्षीय किरण ढकाल, काठमाडौँका ४५ वर्षीय दिवाकर पुडासैनी, ललितपुरका ४५ वर्षीय बलबहादुर गाहा मगर, काठमाडौँकी ४५ वर्षीया उमा गौतम, काठमाडौँका ४० वर्षीय भगवान पुडासैनी, काठमाडौँका ५५ वर्षीय इश्वर पुडासैनी, काठमाडौँका ६० वर्षीय जयराम पुडासैनी, काठमाडौँका ४६ वर्षीय विकास थापा, काठमाडौँका ४६ वर्षीय रमेशकुमार बराल, काठमाडौँका ५३ वर्षीय चन्द्रमणी गौतम र काठमाडौँकी ३८ वर्षीया रिता अधिकारी रहेका थिए। गिरफ्तारमा परेकाहरूलाई प्रहरीले भृकुटीमण्डपस्थित नगर प्रहरी कार्यालयमा ३ घण्टा राखेर सोही दिन बेलुकी ५ बजे छाडेको थियो।

राष्ट्रपति रामचन्द्र पौडेलले ०८० जेठ १७ गते प्रमाणीकरण गर्नुभएको नागरिकता विधेयकविरुद्ध राष्ट्रपति कार्यालय अगाडि प्रदर्शन गरेका नेकपा एमाले निकट विद्यार्थी सँगठन अनेरास्ववियुकाका १० जना कार्यकर्तालाई महाराजगंजस्थित राष्ट्रपति कार्यालय अगाडिबाट गिरफ्तार गर्‍यो। प्रहरी गिरफ्तारीमा पर्नेहरुमा बर्दियाका २६ वर्षीय प्रकाश पौडेल , डोटीका २८ वर्षीय दिपक धामी, काठमाडौँकी २५ वर्षीया बिनिता काफ्ले, कास्कीकी २९ वर्षीया सोभा सापकोटा, खोटांङका ३० वर्षीय राजकुमार ढकाल, बझांङका २५ वर्षीय अमित महर, दार्चुलाका २७ वर्षीय भरत सिंह धामी, कैलालीका २८ वर्षीय धर्मराज न्यौपाने, बझाङका २५ वर्षीय उज्वल खड्का, काठमाडौँका २७ वर्षीय उमेश भण्डारी रहेका थिए। गिरफ्तारमा परेकाहरूलाई प्रहरीले भृकुटीमण्डपस्थित नगर प्रहरी कार्यालयमा २ घण्टा राखेर सोही दिन बेलुकी ६ बजे छाडेको थियो।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेकाहरुको पक्षमा बहस गर्ने अधिवक्ताहरूविरुद्ध नाराबाजी गर्ने नेपाल कम्युनिष्ट पार्टी (बिप्लव) निकट अखिल क्रान्तिकारीका १३ जना कार्यकर्ताहरुलाई प्रहरीले जिल्ला अदालत काठमाडौँ अगाडिबाट ०८० जेठ ३१ गते गिरफ्तार गर्‍यो। प्रहरी गिरफ्तारीमा पर्नेहरुमा कालिकोटका ३३ वर्षीय प्रकाश शाही, कास्कीका २९ वर्षीय प्रकाश बाँस्तोला, रोल्पाका २७ वर्षीय अनिल केसी, कैलालीका २५ वर्षीय लोकेश जोशी, चितवनका २४ वर्षीय अटल सी,काठमाडौँकी २८ वर्षीय तारा सन्ज्याल, रुकुमका ३० वर्षीय डीबी चन्द, सल्यानका २३ वर्षीय आदेश जंग क्षेत्री, धनकुटाका २५ वर्षीय हस्त सी, काठमाडौँका २७ वर्षीय बजिर सी, काठमाडौँका २३ वर्षीय चेतन सी, बाँकेका २५ वर्षीय समिर सी रहेका थिए। गिरफ्तारीमा पर्नेहरुलाई प्रहरी वृत्त, अनामनगरमा ३ घण्टा राखेर प्रहरीले सोही दिन बेलुकी ६ बजे छाडेको थियो।

नक्कली भुटानी शरणार्थी प्रकरणमा नेताहरूसहित मुख्य दोषीहरूलाई कारबाही गर्नुपर्ने र अनियन्त्रित रुपमा भईरहेको चुरे दोहन रोक्नुपर्ने माग

सहित प्रदर्शनमा उत्रिएका मानव अधिकार तथा शान्ति समाजसँग आवद्ध १६ जना अधिकारकर्मीहरुलाई प्रहरीले ०८० जेठ ३२ गते संघीय संसद भवनको ३ नम्बर गेट नजिकको निषेधित क्षेत्रबाट गिरफ्तार गर्‍यो। गिरफ्तारीमा पर्नेहरुमा काठमाडौँका ६५ वर्षीय कृष्ण पहाडी, काठमाडौँका ७२ वर्षीय केदार नरसिंह केसी, काठमाडौँका ५७ वर्षीय उत्तम पुडासैनी, ललितपुरका ५३ वर्षीय चन्द्रमणि बन्जारा, काठमाडौँका ४३ वर्षीय किरण ढकाल, ललितपुरका ४५ वर्षीय बलबहादुर गाहा मगर, काठमाडौँका ४५ वर्षीय दिवाकर पुडासैनी, काठमाडौँकी ४८ वर्षीया उमा गौतम, काठमाडौँकी ४२ वर्षीया रुपा गिरी, काठमाडौँका ४६ वर्षीय विकास थापा, काठमाडौँका ५० वर्षीय तुलसीराम भण्डारी, काठमाडौँका ५२ वर्षीय दुर्गाप्रसाद सापकोटा, भक्तपुरकी ४८ वर्षीय इश्वरी नेपाल, काठमाडौँका ४५ वर्षीय उपेन्द्र कुइंकेल, काठमाडौँका ५० वर्षीय रामकृष्ण बराल र काठमाडौँका ४० वर्षीय प्रमोद फुयाँल रहेका थिए। गिरफ्तारीमा परेकाहरुलाई नगर प्रहरी कार्यालय भृकुटीमण्डपमा २ घण्टा राखेर सोही दिन बेलुकी ५ बजे छाडेको थियो।

तलव वृद्धिलगायतका विभिन्न माग राखेर प्रदर्शनमा उत्रिएका नेपाल विद्यालय कर्मचारी परिषद राष्ट्रिय समितिसँग आवद्ध शिक्षक कर्मचारीहरुको ०८० जेठ ३२ गतेको प्रदर्शनका क्रममा प्रहरीले माईतिघरबाट ५ जनालाई गिरफ्तार गर्‍यो। प्रदर्शनकारीले भद्रकालीमा रिले अनसन बसेर माइतीघर मण्डला फर्किँदै गर्दा सडकमै बस्न खोजेपछि प्रहरीले उनीहरुलाई गिरफ्तार गरेको हो। गिरफ्तारीमा पर्नेहरुमा काठमाडौँका ४५ वर्षीय गंगाराम तिवारी, काठमाडौँका ४८ वर्षीय प्रदिप श्रेष्ठ, जुम्लाका ४० वर्षीय धनबहादुर महत, दोलखाकी ३५ वर्षीया लक्ष्मी कार्की, जुम्लाका ३८ वर्षीय मिनराज डाँगी रहेका थिए। गिरफ्तारीमा परेका उनीहरुलाई प्रहरीले नगर प्रहरी कार्यालय भृकुटीमण्डपमा २ घण्टा राखेर सोही दिन बेलुकी ६ बजे छाडेको थियो।

आफूमाथि आक्रमण गर्नेहरूको अदालतमा विचाराधीन मुद्दा फिर्ता लिने मन्त्रीपरिषदको निर्णयविरूद्ध धर्ना दिन काठमाडौँ जिल्ला अदालत जानुभएका त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेलाई प्रहरीले ०८० असार ४ गते गिरफ्तार गर्‍यो। नेविसंघका तत्कालिन त्रिवि समिति अध्यक्ष हरि आचार्य, सचिव योगेन्द्र रावल, रुपेश शाह, निरज लामा लगायत सात जनाले उपप्राध्यापक चलाउनेमाथि ०७७ असोज २० गते कुटपिट गरेका थिए। गिरफ्तारीमा परेका चलाउनेलाई प्रहरीले प्रहरी वृत्त सिंहदरबारमा ३ घण्टा राखेर सोही दिन बेलुकी ४ बजे रिहा गर्‍यो।

नागरिकताको माग गर्दै सर्वोच्च अदालतको गेट अगाडि प्रदर्शन गर्ने नागरिकता विहीन संघर्ष समितिसँग आबद्ध ११ जना आन्दोलनकर्मीलाई प्रहरीले ०८० असार ५ गते सर्वोच्च अदालत अगाडिबाट गिरफ्तार गर्‍यो। प्रहरी गिरफ्तारीमा पर्नेहरूमा मोरङका २५ वर्षीय आशिष पोद्दार, काठमाडौँका ४० वर्षीय महावीर राम, सिराहाका ३५ वर्षीय उत्तम प्रसाद शाह, धनुषाका २२ वर्षीय रोहित शाह, भक्तपुरकी २६ वर्षीया सुहानी खान, तनहुँका २४ वर्षीय आदर्श बानियाँ, बाराका २५ वर्षीय आशदेव यादव, चितवनका २८ वर्षीय आकाश खान, बाराका ३५ वर्षीय जाकिर हुसैन, काठमाडौँका २४ वर्षीय एमडी राज अलि, काठमाडौँका २२ वर्षीय बिनोद बानियाँ रहेका थिए। गिरफ्तारीमा परेकाहरूलाई प्रहरीले नगर प्रहरी कार्यालय भृकुटीमण्डपमा ४ घण्टा राखेर सोही दिन बेलुकी रिहा गर्‍यो।

### झडप

#### काठमाडौँ

लैनचौरस्थित अमृत साइन्स क्याम्पसमा ०८० वैशाख १७ गते नेकपा एमाले समर्थित अनेरास्ववियु र माओवादी निकट अखिल क्रान्तिकारीका नेताबीच झडप हुँदा दुई जना घाइते भए। झडपमा परी एमाले निकट अनेरास्ववियुका कार्यकर्ता कैलालीका २६ वर्षीय रमेश फुलारा र नेकपा माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीका कार्यकर्ता बर्दियाका २९ वर्षीय खेम सिंह घाइते भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी सिताराम रिजालले बताए। कुटपिटबाट घाइते भएका फुलाराको टाउकोमा आठ ओटा टाँका लगाइएको र सिंहको हातमा चोट लागेको थियो। घाइते दुवैजना उपचार पश्चात ०८० वैशाख १८ गते अस्पतालबाट डिस्चार्ज भएको बीर अस्पतालका डाक्टर जनकराज पोखरेलले जानकारी दिनुभयो। प्रहरीले झडपमा संलग्न भएको आरोपमा एमालेनिकट अनेरास्ववियुका कार्यकर्ता बझाङका २८ वर्षीय कमल जोशी, कालिकोटका २६ वर्षीय गोपाल ज शाही, बाँकेका २२ वर्षीय सौजन शाही, झापाका २७ वर्षीय दिपक सिटौला र मोरङका २७ वर्षीय बिबेक कोइरालालाई वैशाख १७ गते गिरफ्तार गर्‍यो। गिरफ्तारीमा परेकाहरूलाई प्रहरीले प्रहरी वृत्त लैनचौरमा १ दिन राखेर वैशाख १८ गते रिहा गर्‍यो।

काठमाडौँको रत्नपार्कस्थित शान्तिबाटिकामा मिटरब्याजी पीडित र प्रहरीबीच ०८० वैशाख ४ गते झडप हुँदा १६ जना मिटरब्याज पीडित घाइते भए।

विभिन्न जिल्लाबाट भेला भएर शान्तिबाटिकामा जम्मा भएका मिटरब्याज पीडितले आन्दोलनका क्रममा सिंहदरबार घेराउ गर्न जान लाग्दा प्रहरीले रोक्ने क्रममा झडप भएको थियो। प्रहरीसँगको झडपमा परी मिटरब्याज पीडिततर्फ घाइते हुनेहरूमा नवलपरासी सुस्ता पश्चिमका ३७ वर्षीय कुल बहादुर थापा, ओखलढु ाका २१ वर्षीय प्रदिप नेपाल, रुकुम पश्चिमकी २७ वर्षीया यम कुमारी डडेल, काठमाडौँका ३२ वर्षीय मनोज प्रभात, नवलपरासी सुस्ता पश्चिमका ४८ वर्षीय नाथु प्रसाद थारु, नवलपरासी सुस्ता पश्चिमका ६० वर्षीय महादेव तेली, नवलपरासी सुस्ता पश्चिमका ६१ वर्षीय बलिराम चमार, नवलपरासी सुस्ता पश्चिमका ७० वर्षीय राम कवल चमार, नवलपरासी सुस्ता पश्चिमका ५० वर्षीया उमाशंकर लोनिया, नवलपरासी सुस्ता पश्चिमका ६६ वर्षीय हर्ष बहादुर गुप्ता, नवलपरासी सुस्ता पश्चिमका ४५ वर्षीया भगवती चमार, नवलपरासी सुस्ता पश्चिमका ६० वर्षीय बिष्णुदयाल गुप्ता, महोत्तरीका ५० वर्षीय कक्ुल्ती यादव, नवलपरासी सुस्ता पश्चिमकी ५४ वर्षिया खुस्बुन शाह, बाजुराका ३५ वर्षीय निर्घ नविन, ललितपुरका २५ वर्षीय सुर्य श्रेष्ठ रहेका थिए। झडपमा परी घाइते भएकाहरूको टाउको, हात, खुट्टा र सरिरका विभिन्न भागहरूमा चोट लागेको थियो। घाइते हुनेहरूमध्ये १० जना राष्ट्रिय ट्रमा सेन्टरमा सामान्य उपचार पश्चात सोही दिन डिस्चार्ज भएका थिए भने शख्त घाइते रहेका निर्घ नविन, हर्ष बहादुर गुप्ता, सुर्य श्रेष्ठ र मनोज प्रभात उपचार पश्चात ०८० वैशाख ६ गते र गम्भीर घाइते रहेका कुल बहादुर थापा, यम कुमारी डडेल ०८० वैशाख ९ गते डिस्चार्ज भएको राष्ट्रिय ट्रमा सेन्टरका डाक्टर विनोद शेरचनले बताउनु भयो।

काठमाडौँको रत्नपार्कस्थित शान्तिबाटिकामा मिटरब्याजी पीडित र प्रहरीबीच ०८० वैशाख ४ गते झडप हुँदा तीन जना प्रहरी घाइते भए। झडपमा परी प्रहरीतर्फ घाइते हुनेहरूमा प्रहरी वृत, दरबारमार्गकी डिएसपी ३८ वर्षीय कोपिला चुँडाल, प्रहरी हवल्दार ३६ वर्षिय मनोज राज रायभाट र प्रहरी जवान २९ वर्षीया अविना परियार रहेका थिए। झडपमा परी गम्भीर घाइते भएकी डिएसपी चुँडालको अनुहारमा ८ ओटा टाँका लगाईएको थियो। घाइते रहेका प्रहरी हवल्दार मनोज राज रायभाट र प्रहरी जवान अविना परियार प्रहरी अस्पताल महाराजगंजमा उपचार पश्चात सोही दिन डिस्चार्ज भए भने डिएसपी चुँडाल प्रहरी अस्पताल महाराजगंजमा उपचार पश्चात वैशाख ५ गते प्रहरी अस्पतालबाट डिस्चार्ज हुनुभएकी थियो।

काठमाडौँको राष्ट्रपति कार्यालय अगाडि राष्ट्रपति रामचन्द्र पौडेलले ०८० जेठ १७ गते प्रमाणीकरण गर्नुभएको नागरिकता बिधेयकविरुद्ध प्रदर्शन गरेका नेकपा एमाले निकट विद्यार्थी सँगठन अनेरास्ववियुकाका कार्यकर्ता र प्रहरीबीच झडप हुँदा प्रहरीको लाठीचार्जबाट अनेरास्ववियुका तीन जना कार्यकर्ता घाइते भए। घाइते हुनेहरुमा काठमाडौँका ३१ वर्षीय दिपेश प्रसाईं, बझांङका २९ वर्षीय कमल राज जोशी र बझांङका २७ वर्षीय लोकेश खड्का रहेका थिए। झडपमा घाइते भएकाहरु त्रिविवि शिक्षण अस्पताल महाराजगंजमा उपचार पश्चात सोही दिन अस्पतालबाट डिस्चार्ज भए।

## बाल अधिकार

### बेचबिखन तथा ओसारपसार

**चितवन**

१५ वर्षीया बालिकालाई वेश्यावृत्तिमा लगाएको भन्दै भरतपुर महानगरपालिका-५, नारायणपुर चोक स्थित यूनिक कटेज एण्ड रेष्टुरेण्ड सञ्चालन गर्दै आएका बाग्लुङ जिल्ला काठेखोला गाउँपालिका-६ घर भई चितवनको भरतपुर महानगरपालिका-७ बस्ने ४२ वर्षीय चन्द्र बहादुर परियार र उनको पत्नी ४० वर्षीया माया परियारविरुद्ध ०७९ चैत २६ पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २७ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितहरूलाई चैत २६ गते गिरफ्तार भए। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २४ गते मानव बेचबिखन गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको ०८० वैशाख २४ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो।

### बलात्कार, यौनदुर्व्यवहार

**दोलखा**

१२ वर्षीया बालिकालाई ०८० वैशाख ३ गते बलात्कार गरेको भन्दै ८० वर्षीय हजुरबुबाविरुद्ध पीडित पक्षले वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ११ गते घरैबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ११ गते पशुपति स्मृति अस्पताल, चरिकोटमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख १७ गते जबर्जस्ती करणी

अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १७ गतेको आदेशले आरोपितलाई साधारण तारेखमा रिहा गऱ्यो।

१७ वर्षीया बालिकालाई ०८० वैशाख ३० गते बलात्कार गरेको भन्दै भीमेश्वर नगरपालिका-२ का ३० वर्षीय रमेश थामीविरुद्ध पीडित पक्षले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ५ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ४ गते पशुपति स्मृति अस्पताल, चरिकोटमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ २५ गते गते जबर्जस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० वैशाख २६ गते बलात्कार गरेको भन्दै बझाङ जिल्ला खप्तड गाउँपालिका-५ घर भई बिगु गाउँपालिका-५ मा कार्यरत शिक्षक २८ वर्षीय राजेन› कुमार अग्रीविरुद्ध पीडित पक्षले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २८ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २९ गते पशुपति स्मृति अस्पताल, चरिकोटमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ११ गते बलात्कार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० वैशाख १० गते बलात्कार गरेको भन्दै भीमेश्वर नगरपालिका-२ का २७ वर्षीय राजु खड्काविरुद्ध पीडित पक्षले वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। भीमेश्वर नगरपालिका-७ की उषा भुजेल र भीमेश्वर नगरपालिका-२ का राम खड्काले समेत मिलेमतो गरी बलात्कार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर धर्मेश यादवले बताए। प्रहरीले आरोपितहरूलाई वैशाख १७ गते .घरैबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १५ गते पशुपति स्मृति अस्पताल, चरिकोटमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ९ गते जबर्जस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल–जुन २०२३)

| | |
|---|---|
| बलात्कार | ५४ |
| विद्यालयमा शारीरिक सजाय | २१ |
| बेचबिखन तथा ओसारपसार | ३ |
| यौन दुर्व्यवहार | २८ |
| जम्मा | १०६ |

**सिन्धुपाल्चोक**

चार वर्षीया बालिकालाई ०७९ चैत २२ गते बलात्कार गरेको भन्दै त्रिपुरासुन्दरी गाउँपालिका-१ का १९ वर्षीय सुभास जिरेलविरुद्ध पीडितकी आमाले चैत २६ गते इलाका प्रहरी कार्यालय, बाह्रविसेमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २६ गते प्राथमिक स्वास्थ्य केन्द्र, बाह्रविसेमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख १३ गते बलात्कार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**धादिङ**

१६ वर्षीया बालिकालाई ०७९ चैत २५ गते बलात्कार गरेको भन्दै गंगाजमुना गाउँपालिका-३, गुम्दीका २२ वर्षीय इमानसिंह गुरुङविरुद्ध पीडित पक्षले ०८० वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ५ गते धादिङ

अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख ५ गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० वैशाख २७ गते बलात्कार गरेको भन्दै गजुरी गाउँपालिका-५, पिडाका २० वर्षीय दिनेश भुजेलविरुद्ध पीडितले जेठ १६ गते इलाका प्रहरी कार्यालय, गजुरीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ १४ गते गिफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १६ गते धादिङ अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार ६ गते जबरजस्ती करणीको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०७९ चैत ३० गते यौन दुर्व्यवहार गरेको भन्दै ३१ वर्षीय हजुरबुबा नातापर्नेविरुद्ध पीडित परिवारले चैत ३० गते इलाका प्रहरी कार्यालय, सल्यानटारमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ३० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०८० वैशाख ३ गते धादिङ अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २४ गते जबरजस्ती करणीको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको भन्दै भारत घर भइ बेनिघाटरोराङ गाउँपालिका-७ बस्ने ४० वर्षीय मनोजकुमार यादव र ४० वर्षीय संजिवकुमार यादवविरुद्ध पीडित पक्षले वैशाख २८ गते जिल्ला हरी कार्यालयमा उजुरी दियो। प्रहरीले अरोपित मनोजकुमारलाई वैशाख २७ गते गिरफ्तार गऱ्यो भने संजवकुमार यादव फरार रहेका छन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २८ गते धादिङ अस्पतालमा भयो। प्रहरीले आरोपित मनोजकुमारविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ २२ गते जबरजस्ती करणीको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २२ गतेको आदेशले आरोपित मनोजकुमारलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० वैशाख २७ गते यौन दुर्व्यवहार गरेको भन्दै ज्वालामुखी गाउँपालिका-७ का ३५ वर्षीय डिल्लीप्रसाद भन्ने दिनानाथ कँडेलविरुद्ध पीडितले वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा वैशाख ३१ गते उजुरी दर्ता भयो। आरोपित कँडेललाई प्रहरीले वैशाख ३१ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २९ गते धादिङ अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ २३ गते बालयौन दुरुपयोग गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २३ गतेको जिल्ला न्यायधीश स्वीकृति पराजुलीको आदेशले आरोपितलाई २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

**नुवाकोट**

१५ वर्षीया बालिकालाई ०८० वैशाख ३ गते गोठमा सामुहिक बलात्कार गरेको भन्दै किस्पाङ गाउँपालिका-५ का १९ वर्षीय निर्मल तामाङ, सोही ठाउँका २० वर्षीय अमृत तामाङ र १७ वर्षीय बालक, १५ वर्षीय बालक र १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरुलाई वैशाख ५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ५ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितहरूविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २४ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २७ गतको आदेशले बालकहरूलाई साधारण तारेखमा रिहा गर्न र अन्यलाई पुर्पक्षका लागि थुनामा पठायो।

६ वर्षीया बालिकालाई ०८० वैशाख २० गते बलात्कार गरेको भन्दै १२ वर्षीय बालकविरुद्ध बालिकाकी आमाले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख २४ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २४ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख २५ गते बालकका बुबा सूर्यबहादुर तामाङको जिम्मा लगाई हाजिर जमानीमा रिहा गरेको छ। यो घटनाको किनारा लागेको छैन।

१४ वर्षीया बालिकालाई ०८० जेठ १० गते बलात्कार गरेको भन्दै लिखु गाउँपालिका-५, थानसिङका ४३ वर्षीय झंकबहादुर कामीविरुद्ध पीडितले जेठ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ ११ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ११ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ३२ गते बलात्कार

अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० जेठ ९ गते यौन दुर्व्यवहार गरेको भन्दै शिवपुरी गाउँपालिका-६ का २९ वर्षीय प्रविन बुढाथोकीविरुद्ध पीडितले जेठ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ १० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ११ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ३० गते बलात्कार प्रयास अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३१ गतेको आदेशले आरोपितलाई ९० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१६ वर्षीया बालिकालाई ०८० जेठ ३२ गते यौन दुर्व्यवहार गरेको भन्दै काभ्रे जिल्ला बेथानचोक गाउँपालिका-५ घर भई हाल ककनी-३ मा मजदुरी गर्दै आएका ३४ वर्षीय रामबहादुर तामाङविरुद्ध पीडितले असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले अरोपितलाई असार ३ गते नै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ३ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार १९ गते बलात्कार प्रयास अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८० असार ४ गते यौन दुर्व्यवहार गरेको आरोपमा रौतहट जिल्ला इशानाथ नगरपालिका-४ मदियाटोल घर भई हाल विदुर नगरपालिका-१ मा बस्दै आएका २० वर्षीय साकिर मोहम्मद परवेजविरुद्ध पीडित पक्षले असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ५ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार २६ गते बलात्कार प्रयास अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**काठमाडौँ**

१५ वर्षिया बालिकालालाई ०८० वैशाख १ गते बलात्कार गरेको भन्दै तनहुँ जिल्ला शुक्ला गण्डकी नगरपालिका-११ स्थायी घर भइ हाल टोखा नगरपालिका-९, दिपज्योती बस्दै आएका ३१ वर्षीय कृष्ण बहादुर महतविरुद्ध पीडित पक्षले ०८० वैशाख १ गते प्रहरी वृत्त, महाराजगंजमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख २ गते दीपज्योतिस्थित डेरा कोठाबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला अदालतबाट वैशाख ३ गते पाँच दिनको म्याद थप गर्दै आरोपितलाई हिरासतमा राखेर अनुसन्धान सुरु गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगका आधारमा आरोपितविरुद्ध जिल्ला अदालतमा वैशाख २७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले वैशाख २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८० वैशाख १० गते बलात्कार गरेको भन्दै दक्षिणकाली नगरपालिका-८, छैमले घर भएका ३७ वर्षीय पूर्णबहादुर बलामीविरुद्ध पीडित पक्षले वैशाख ११ गते प्रहरी वृत्त, किर्तिपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ११ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला अदालतबाट वैशाख १७ गते सात दिनको म्याद थप गर्दै आरोपितलाई हिरासतमा राखेर अनुसन्धान सुरु गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ १० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८० वैशाख २१ गते बलात्कार गरेको भन्दै उदयपुर जिल्ला ताप्ली गाउँपालिका-२ घर भई हाल काठमाडाँको नागार्जुन नगरपालिका-४ डेरा गरी बस्ने २२ वर्षीय दिनेश मगरविरुद्ध पीडित पक्षले वैशाख २२ गते प्रहरी वृत्त, स्वयम्भूमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २३ गते डेरा कोठाबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २२ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला अदालतबाट वैशाख २४ गते पाँच दिनको म्याद थप गर्दै आरोपितलाई हिरासतमा राखेर अनुसन्धान सुरु गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ १७ गते  गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८० वैशाख १५ गते बलात्कार गरेको भन्दै सप्तरी जिल्ला अग्निसाइर

कृष्णसावरन गाउँपालिका-३ का ४२ वर्षीय ललित चौधरी भन्ने ललित कुमार चौधरी (थारु) विरुद्ध पीडित पक्षले वैशाख १७ गते जिल्ला प्रहरी परिसर, काठमाडौँको महिला बालबालिका तथा जेष्ठ नागरिक सेल कालिमाटीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १७ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ ११ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

सात वर्षीया बालिकालाई ०८० वैशाख ६ गते बलात्कार गरेको भन्दै मकवानपुर जिल्ला घर भई हाल गोकर्णेश्वर नगरपालिका-६, नयाँबस्ती बस्दै आएका ४० वर्षीय बुद्ध मोक्तानविरुद्ध पीडित पक्षले वैशाख ७ गते प्रहरी वृत्त, बौद्धमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख ७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १९ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जिल्ला अदालतमा वैशाख ३१ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० वैशाख १५ गते बलात्कार गरेको भन्दै काठमाडौँ महानगरपालिका-१५, स्वयम्भु घर भएका ३७ वर्षीय कर्म घलेविरुद्ध पीडित पक्षले वैशाख १५ गते प्रहरी वृत्त, बौद्धमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १५ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जिल्ला अदालतमा जेठ ८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०७९ चैत २९ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले ०८० वैशाख ३ गते प्रहरी वृत्त, बालाजुमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ३ गते जरंखुबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ३ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जिल्ला अदालतमा वैशाख २७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २७ गतेको आदेशले आरोपितलाई भक्तपुरस्थित बालसुधार गृहमा पठायो।

१३ वर्षीया बालिकालाई ०८० वैशाख १० गते बलात्कार गरेको भन्दै दक्षिणकाली नगरपालिका-८, छैमले घर भएका ३७ वर्षीय पूर्णबहादुर बलामीविरुद्ध पीडित पक्षले वैशाख १९ गते प्रहरी वृत्त, बालाजुमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०८० वैशाख १९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १९ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा ०८० जेठ १२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतलको जेठ १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षिया बालिकालाई ०८० वैशाख १४ गते यौन दुर्व्यवहार गरेको भन्दै भारतको बिहार राज्य घर भई हाल काठमाडौँ महानगरपालिका-६, बौद्ध फुलबारी बस्दै आएका ४५ वर्षीय अलि हसनविरुद्ध पीडित पक्षले प्रहरी वृत्त, बौद्धमा वैशाख १७ गते उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १७ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला अदालतबाट वैशाख १७ गते सात दिनको म्याद थप गरी आरोपितलाई प्रहरी वृत्त, बौद्धको हिरासतमा राखेर घटनाको अनुसन्धान सुरु गऱ्यो। उक्त घटनामा प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ १० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**भक्तपुर**

१६ वर्षीया बालिकालाई ०७९ चैत १६ गते बलात्कार गरेको भन्दै भक्तपुर नगरपालिका-१०, कमलविनायक बस्दै आएका १९ वर्षीय क्रिजन सुवालविरुद्ध पीडित पक्षले ०८० वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १८ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १८ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा जिल्ला अदालतमा वैशाख २३ गते मुद्दा दर्ता गऱ्यो।

१४ वर्षीया बालिकालाई ०७९ चैत २२ गते बलात्कार गरेको भन्दै सुर्यविनायक नगरपालिका-९, कमलविनायक बस्दै आएका ३९ वर्षीय सरोज कुमार

मगरविरुद्ध पीडित पक्षले ०८० वैशाख ३० गते प्रहरी वृत्त, जगातीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ३१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३० गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा जेठ २ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

११ वर्षीया बालिकालाई ०८० जेठ १९ गते बलात्कार गरेको भन्दै तेह्रथुम जिल्ला म्याङलुङ नगरपालिका-१० घर भई हाल सूर्यविनायक नगरपालिका-३, बालकोटमा बस्दै आएका ३२ वर्षीय सुनिल विश्वकर्माविरुद्ध पीडित पक्षले जेठ २६ गते प्रहरी वृत्त, ठिमीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २६ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा आरोपितविरुद्ध जेठ २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

तीन वर्षीया बालिकालाई ०८० जेठ १६ गते बलात्कार गरेको भन्दै भारतको मोतिहारी घर भई हाल भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-३, कमेरोटारमा बस्दै आएका १५ वर्षीय आशिफ अलीविरुद्ध पीडित पक्षले जेठ १७ गते प्रहरी वृत्त, ठिमीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १७ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जेठ २० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

पाँच वर्षीया बालिकालाई ०७९ चैत १९ गते यौन दुर्व्यवहार गरेको भन्दै मध्यपुर ठिमी नगरपालिका-४, शंखधर चोक बस्दै आएका १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले चेत २१ गते प्रहरी वृत्त, ठिमीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २१ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा चैत २४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

१४ वर्षीया बालिकालाई ०८० जेठ २१ गते यौन दुर्व्यवहार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ २४ गते प्रहरी वृत्त, जगातीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २४ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जेठ २७ गते आरोपितविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

**काभ्रे**

१७ वर्षीया बालिकालाई ०८० जेठ ३० गते यौन दुर्व्यवहार गरेको भन्दै पाँचखाल नगरपालिका-१, अनैकोटका ३८ वर्षीय सुकबहादुर तामाङविरुद्ध जेठ ३० गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ३१ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ३२ गते धुलिखेल अस्पतालमा भयो।

१४ वर्षीया बालिकालाई ०८० वैशाख २५ गते यौन दुर्व्यवहार गरेको भन्दै रोशी गाउँपालिका-१, नारायणटारका ४१ वर्षीय काकाविरुद्ध पीडित पक्षले जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १९ गते धुलिखेल अस्पतालमा भयो।

१७ वर्षीय बालकलाई ०८० जेठ १३ गते यौन दुर्व्यवहार गरेको भन्दै मण्डनदेउपुर नगरपालिका-१०, आँपघारीका ५५ वर्षीय यज्ञप्रसाद शर्माविरुद्ध जेठ १५ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १५ गते गिरफ्तार गऱ्यो। पीडित बालकको स्वास्थ्य परीक्षण जेठ १५ गते धुलिखेल अस्पतालमा भयो।

१७ वर्षीया बालिकालाई ०८० जेठ ८ गते बलात्कार गरेको भन्दै मण्डनदेउपुर गाउँपालिका-४, नौलोडाँडाका २६ वर्षीय सरोज पूर्कोटीविरुद्ध पीडित पक्षले जेठ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ ९ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ९ गते धुलिखेल अस्पतालमा भयो।

१६ वर्षीया बालिकालाई ०८० जेठ २१ गते बलात्कार गरेको भन्दै धुलिखेल नगरपालिका-९ स्थित मल्पी ईन्टरनेश्नल स्कुलका शिक्षक ३० वर्षीय स्टेफन रक लेब्लण्डविरुद्ध पीडित पक्षले असार ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ७ गते धुलिखेल अस्पतालमा भयो। आरोपित फारर रहेकोले अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी ढुण्डीराज न्यौपानेले बताए।

१४ वर्षीया बालिकालाई ०८० असार ४ गते बलात्कार गरेको भन्दै महाभारत गाउँपालिका-२ का २५ वर्षीय दिपेन्द्र पेञ्जा पहरीविरुद्ध पीडित पक्षले असार ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ८ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ८ गते धुलिखेल

अस्पतालमा भयो।

१३ वर्षीया बालिकालाई ०८० असार १६ गते बलात्कार गरेको भन्दै महाभारत गाउँपालिका-१ का २१ वर्षीय आशिस रानामगरविरुद्ध पीडित पक्षले असार १६ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपिलाई असार १६ गते कुन्तनबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण असार १६ गते धुलिखेल अस्पतालमा भयो।

**रामेछाप**

तीन वर्षीया बालिकालाई ०८० जेठ १३ गते बलात्कार गरेको भन्दै रामेछाप नगरपालिका-५ रामपुर घर भई मामाघर आएका १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १३ गते गिरफ्तार ग ऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १३ गते जिल्ला अस्पताल, रामेछापमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ३१ गते बालिकालाई बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३१ गतेको आदेशले आरोपितलाई बाल सुधार केन्द्र, भक्तपुरमा पठायो।

**सिन्धुली**

१६ वर्षीया बालिकालाई ०८० वैशाख ३० गते बलात्कार गरेको भन्दै कमलामाई नगरपालिका-४, साङबालेका ४५ वर्षीय दमोदार कुवँरविरुद्ध पीडित पक्षले जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २ गते सिन्धुली अस्पतालमा भयो। घटनापछि आरोपित फरार रहेका छन्।

१७ वर्षीया बालिकालाई ०८० जेठ १४ गते बलात्कार गरेको भन्दै तिनपाटन गाउँपालिका-५, खरपाखा घर भएका ६० वर्षीय प्रेमबहादुर तामाङविरुद्ध पीडित पक्षले जेठ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १७ गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ १७ गते गिरफ्तार गऱ्यो।

१५ वर्षीया बालिकालाई ०८० जेठ १४ गते बलात्कार गरेको भन्दै तिनपाटन गाउँपालिका १ बस्ने १९ वर्षीय रविन थापा क्षेत्रीविरुद्ध पीडित पक्षले जेठ २६ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ २६ गते सिन्धुली अस्पतालमा भयो। आरोपित हाल फरार रहेका छन्।

१४ वर्षीया बालिकालाई ०८० जेठ २१ गते बलात्कार गरेको भन्दै सुनकोसी गाउँपालिका-१ का ४५ वर्षीय पवन परियारविरुद्ध पीडित पक्षले जेठ २६ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण जेठ २६ गते सिन्धुली अस्पतालमा भयो। घटनापछि आरोपित फरार रहेका छन्।

१४ वर्षीया बालिकालाई ०८० जेठ २८ गते बलात्कार गरेको भन्दै हरिहरपुरगढी गाउँपालिका-४ का २९ वर्षीय मोहन बहादुर पिठाकोटेविरुद्ध पीडित पक्षले जेठ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ३० गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ ३० गते गिरफ्तार गऱ्यो। हाल घटना अनुसन्धानको क्रममा रहेको छ।

१३ वर्षीया बालिकालाई ०७९ चैत १६ गते यौन दुर्व्यवहार गरेको आरोपमा दुधौली नगरपालिका-५, अधेरीका ५१ वर्षीय बाबुविरुद्ध पीडितले चैत १९ गते इलाका प्रहरी कार्यालय, डकाहामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १९ गते स्वास्थ्य चौकी, डकाहामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत वैशाख ११ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १२ गतेको आदेशले आरोपितलाई १५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

**मकवानपुर**

१० वर्षीया बालिकालाई ०७९ चैत ७ गते बलात्कार गरेको भन्दै २४ वर्षीय दाजुविरुद्ध पीडित पक्षले चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपिविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् हाडनाताामा जबरजस्ती करणी कसुरमा ०८० वैशाख ८ गते जिल्ला अदालतमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाको वैशाख १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीय बालिकालाई ०७९ चैत १७ गते बलात्कार गरेको भन्दै हेटौँडा उपमहानगरापलिका-१९ बस्तीपुरका ३५ वर्षीय गोपाल मुक्तानविरुद्ध पीडितले चैत २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २० गते गिरफ्तार गऱ्यो। पीडित

बालिकाको स्वास्थ्य परीक्षण चैत २० गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख १३ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश मनकुमारी जिएमको वैशाख १४ गतेको आदेशले आरोपिलाई पुर्पक्षका लागि थुनामा पठायो।

तीन वर्षीया ०७९ चैत २३ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत २४ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २४ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख १३ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाको वैशाख १४ गतेको आदेशले आरोपितलाई बाल सुधार गृह, भिमफेदीमा पठायो।

सात वर्षीया बालिकालाई ०७९ चैत १० गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत २८ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २८ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख १५ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश मनकुमारी जिएमको वैशाख १७ गतेको आदेशले आरोपितलाई बाल सुधार गृह, भिमफेदीमा पठायो।

१४ वर्षीया बालिकालाई ०७९ चैत २६ गते बलात्कार गरेको भन्दै हेटौँडा उपमहानगरपालिका-८, कमानेका २४ वर्षीय सारश खड्काविरुद्ध पीडित पक्षले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ३० गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ३० गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख २४ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश श्रीप्रसाद सञ्जेलाको वैशाख २५ गतेको इजलासले आरोपिलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० वैशाख २५ गते बलात्कार गरेको भन्दै ३१ वर्षीय काकाविरुद्ध पीडित पक्षले वैशाख २६ गते इलाका प्रहरी कार्यालय, मनहरीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २६ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ परीक्षण वैशाख २६ गते मनहरी स्वास्थ्य केन्द्रमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ८ गते जिल्ला अदालतमा हाडनातामा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको जेठ ९ गतेको इजलासले आरोपिलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०७९ चैत २९ गते बलात्कार गरेको भन्दै ३५ वर्षीय बुबाविरुद्ध पीडित पक्षले ०८० जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ १ गते गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ १ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १७ गते जिल्ला अदालतमा हाडनाता करणी कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाको जेठ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० वैशाख ३१ गते बलात्कार गरेको भन्दै हेटौँडा उपमहानगरपालिका-१५, फायरलाईनका २५ वर्षीय दिपक न्यौपानेविरुद्ध पीडित पक्षले जेठ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १० गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ९ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ २३ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको जेठ २४ गतेको इजलासले आरोपिलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८० जेठ २४ गते बलात्कार गरेको भन्दै मनहरी गाउँपालिका-३ सिद्धकालीका ५२ वर्षीय प्रताप सिं घलानविरुद्ध पीडित पक्षले जेठ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २५ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २५ गते हेटौँडा अस्पतालमा भयो। यस घटना अहिलेसम्म अनुसन्धानको क्रममा रहेको जिल्ला प्रहरी कार्यालयको एसपी बामदेव गौतमले बताए।

चार वर्षीया बालिकालाई ०७९ चैत २९ गते यौन दुर्व्यवहार गरेको भन्दै मकवानपुरगढी गाउँपालिका-१, रानिशेराका ३९ वर्षीय मानबहादुर घलानविरुद्ध पीडित पक्षले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत ३० गते गिरफ्तार गर्‍यो।

पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ३० गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख २१ गते जिल्ला अदालतमा बालयौन दुरुपयोग कसुरमा मुद्दा दर्ता गऱ्यो। घटना कानुनी प्रक्रियामै रहेको छ।

११ वर्षीया बालिकालाई ०८० जेठ १३ गते यौन दुर्व्यवहार गरेको भन्दै बागमती गाउँपालिका-२ का ४० वर्षीय निरबहादुर किडरिङविरुद्ध पीडित पक्षले जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १४ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १४ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ३२ गते मकवानपुर जिल्ला अदालतमा बालयौन दुरुपयोग कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश श्रीप्रसाद सञ्जेलको असार १ गतेको इजलासले आरोपिसँग १ लाख ४० हजार रुपियाँ धरौटी माग गरेको छ।

**चितवन**

१० वर्षीया बालिकालाई ०८० वैशाख ४ गते बलात्कार गरेको भन्दै राप्ती नगरपालिका-२ बस्ने २१ वर्षीय मिलन भन्ने बुद्धि ब्लोनविरुद्ध पीडित पक्षले वैशाख ५ गते इलाका प्रहरी कार्यालय, खैरहनीमा उजुरी दिए। आरोपितलाई प्रहरीले वैशाख ५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ५ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख ३१ बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० जेठ २५ गते बलात्कार गरेको भन्दै भरतपुर महानगरपालिका-२ बस्ने २३ वर्षीय सन्तोष गुरुङ र भरतपुर महानगरपालिका-११ बस्ने २३ वर्षीय रविन श्रेष्ठविरुद्ध पीडितको आफन्तले जेठ २५ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। प्रहरीले आरोपितहरूलाई जेठ २५ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ २५ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार २२ बालिकालाई बलात्कार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २२ आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० जेठ १९ गते बलात्कार गरेको भन्दै भरतपुर महानगरपालिका-७ का २३ वर्षीय सिद्धार्थ रेग्मीविरुद्ध पीडितकी आमाले जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले जेठ २९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २८ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार १७ बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० जेठ ३० गते बलात्कार गरेको भन्दै धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका-८ बस्ने ४१ वर्षीय पुष्पलाल भन्ने पोषलाल श्रेष्ठविरुद्ध पीडितको आफन्तले जेठ ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ३१ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ३१ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार २१ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०७९ चैत २४ गते यौन दुर्व्यवहार गरेको भन्दै भारतको विहार स्थाई घर भई हाल जिल्ला चितवनको भरतपुर महानगरपालिका-१० स्थितमा शैलुन खोलि बस्ने ४४ वर्षीय सिहासन ठाकुरविरुद्ध पीडितको आफन्तले चैत २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत २५ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० असार १७ गते बालिकालाई बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १७ गतको आदेशले आरोपितलाई ६ महिना कैद सजाय हुने फैसला गऱ्यो।

पाँच वर्षीया बालिकालाई ०८० वैशाख २२ गते यौन दुर्व्यवहार गरेको भन्दै ३६ वर्षीय दाजुविरुद्ध पीडितको आफन्तले वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख २६ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख २६ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १४ बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा

दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

पाँच वर्षीया बालिकालाई ०८० वैशाख २२ गते यौन दुर्व्यवहार गरेको भन्दै भरतपुर महानगरपालिका-१७, सुक्रनगरका १५ वर्षीय बालकविरुद्ध पीडितको आफन्तले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख २९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकालको स्वास्थ्य परीक्षण वैशाख २६ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १४ बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

सात वर्षीया बालिकालाई ०८० जेठ २१ गते यौन दुर्व्यवहार गरेको भन्दै रत्ननगर नगरपालिका-१२, सितलचोकका ७७ वर्षीय ठानप्रसाद भूजेलविरुद्ध पीडिको आफन्तले जेठ २२ गते इलाका प्रहरी कार्यालय, रत्ननगरमा उजुरी दिए। आरोपितलाई प्रहरीले जेठ २२ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २२ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार १९ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## कुटपिट

### काठमाडौँ

काठमाडौँको बुढानिलकण्ठ नगरपालिका-१०, कपनस्थित बाल उद्दार माविको कक्षा १० मा अध्यनरत १५ वर्षीय छात्र अनिश लामिछानेमाथि ०८० जेठ २२ गते सोही बिद्यालयका शिक्षक २९ वर्षीय उदयराज कार्की, ३२ वर्षीय रोशन श्रेष्ठ र २७ वर्षीय सौरभ गौतमले कुटपिट गरे। कुटपिटबाट घाइते भएका अनिशको तिघ्रा र घांटीमा गम्भीर चोट रहेको थियो। पीडित विद्यार्थी चाबहिलस्थित हेल्पिङ हेन्ड्स अस्पतालको इमर्जेन्सी कक्षमा उपचारपछि जेठ २४ गते अस्पतालबाट डिस्चार्ज भए। घटनाबारे बिद्यालय व्यवस्थापन समितिलको जेठ २५ गतेको बैठकले कुटपिटमा संलग्न तिनै जना शिक्षकलाई निलम्बन गर्यो । घटनाबारे पीडित पक्षले प्रहरी प्रभाग कपनमा जेठ २५ गते उजुरी दिए। पीडित पक्षको उजुरीपछि प्रहरीले घटनाका आरोपित शिक्षकलाई सोही दिन गिरफ्तार गर्यो । प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा असार १८ गते मुद्दा दर्ता गर्यो। जिल्ला अदालतले सोही दिन थुनछेक बहसमार्फत आरोपितलाई ५० हजार धरौटीमा छाड्न आदेश दियो।

## साईबर अपराध

### काठमाडौँ

१६ वर्षीया बालिकालाई सामाजिक सञ्जालमार्फत फेसवुक आइडीमा रहेका तस्विर डाउनलोड गरेर सम्पादन गर्दै अश्लिल भिडियो बनाएर विभिन्न सामाजिक सञ्जालमा अपलोड गर्दै बालिकाको चरित्रहत्या गरी दुर्व्यवहार गरेको भन्दै डोटीको दिपायल सिलगढी नगरपालिका-१३ का ३२ वर्षीय पदम बहादुर खड्काविरुद्ध पीडित पक्षले ०८० जेठ १० गते प्रहरी प्रधान कार्यालयको साइवर ब्युरो, भोटाहिटीमा उजुरी दियो। आरोपित खड्कालाई प्रहरीले जेठ ११ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला अदालतबाट जेठ १२ गते पाँच दिनको म्याद थप गरी आरोपितलाई केन्द्रिय साईबर ब्युरोको हिरासतमा राखेर घटनाको अनुसन्धान सुरु गऱ्यो। उक्त घटनामा प्रहरीले जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा आधारमा आरोपितविरुद्ध जिल्ला अदालतमा असार ४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई सामाजिक सञ्जालमार्फत फेसवुकमा साथि बनेर कुराकानी गर्ने क्रममा गोप्य अंग देखाई भिडियो गर्न दबाब दिने र भने बमोजिम नगरे कुराकानी बह्र्येको भिडियो अश्लिल फोटो र भिडियोमा जोडी विभिन्न सामाजिक सञ्जालमा अपलोड गर्ने गरेर पीडितको चरित्र हत्या गरी दुर्व्यवहार गरेको भन्दै कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-४ घर भएका १८ वर्षीय बिनोद सुनारविरुद्ध पीडित पक्षले ०८० जेठ २४ गते प्रहरी प्रधान कार्यालयको साइवर ब्युरो, भोटाहिटीमा उजुरी दियो। आरोपित सुनारलाई प्रहरीले जेठ ३० गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध अनुसन्धानका लागि जिल्ला अदालतबाट जेठ ३० गते पाँच दिनको म्याद थप गऱ्यो। उक्त घटनामा प्रहरीले जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा आधारमा आरोपितविरुद्ध जिल्ला अदालतमा ०८० असार २२ गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले सोही दिन थुनछेक बहसमार्फत आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल–जुन २०२३)

| | |
|---|---|
| बलात्कार | ३४ |
| घरेलु हिंसा | १९ |
| बहुविवाह | ८ |
| बलात्कार प्रयास | ११ |
| यौन दुर्व्यवहार | ४ |
| बेचबिखन तथा ओसारपसार | ८ |
| जम्मा | ८४ |

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार मानव बेचबिखन तथा ओसारपसार**

**धादिङ**

२० वर्षीया र २१ वर्षीया दुई युवतीलाई बेश्यावृत्तिमा लगाएको भन्दै गल्छी गाउँपालिका–८, निबुवाबोटोमा रहेको सानदार होटल एण्ड लजका सञ्चालक ४७ वर्षीया सरस्वती पनेरु पंडितविरुद्ध पीडित पक्षले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। होटल सञ्चालक सरस्वतीले ललाइ फकाइ, धम्की दिएर र प्रलोभनमा पारेर मानव बेचबिखन तथा ओसारपसार गरेको आरोपमा पीडितहरुले उजुरी दिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी गौतम मिश्रले बताए। प्रहरीले आरोपितलाई वैशाख २८ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ २२ गते मानव बेचविखन तथा ओसारपसार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिता श्रेष्ठको इजलासको जेठ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**काभ्रे**

२२ वर्षीया महिलालाई मानव बेचबिखन तथा ओसारपसार गरेको आरोपमा रोशी गाउँपालिका–६ घरभई हाल बनेपा नगरपालिका–८, लामा क्याफे सञ्चालन गर्दै आएका २९ वर्षीय राधाकृष्ण मैनालीलाई प्रहरीले ०८० जेठ ५ गते गिरफ्तार गऱ्यो। बनेपा नगरपालिका–८ मा रहेको लामा क्याफेमा पीडित महिलालाई यौनधन्दामा लगाउँदै आइरहेको सूचना पाएपछि अनुगमनमा जाँदा यौन धन्दामा लगाउँदै गरेको भेटिएको इलाका प्रहरी कार्यालयल, बनेपाका डिएसपी रेशम बोहोराले बताए। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ ६ गते धुलिखेल अस्पतालमा भयो। पीडित पक्षले जेठ ७ गते इलाका प्रहरी कार्यालयल, बनेपामा उजुरी दिए। आरोपित क्याफे सञ्चालक मैनालीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम कारबाही गर्न जिल्ला अदालत धुलिखेलबाट सात दिनको म्याद थप गरी अनुसन्धान थालिएको डिएसपी बोहोराले बताए।

**बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार**

**दोलखा**

६४ वर्षीया महिलालाई ०८० वैशाख ९ गते बलात्कार प्रयास गरेको भन्दै जिरी नगरपालिका–३ का ३५ वर्षीय यज्ञबहादुर थापाविरुद्ध पीडित पक्षले वैशाख १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १३ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख १२ गते पशुपति स्मृति अस्पताल, चरिकोटमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ३ गते अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४५ वर्षीया महिलालाई ०८० असार ८ गते वैवाहिक बलात्कार गरेको भन्दै ४३ वर्षीया पतिविरुद्ध पीडितले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असार १३ गते गिरफ्तार

गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण असार १३ गते पशुपति स्मृति अस्पताल, चरिकोटमा भयो। सरकारी वकिल कार्यालय मार्फत् असार २८ गते जिल्ला अदालतमा पेश भएकोमा सोही दिन जिल्ला अदालतको आदेशले आरोपित साधारण तारेखमा रिहा भए।

**सिन्धुपाल्चोक**

३३ वर्षीया महिलालाई ०७९ चैत २२ गते बलात्कार गरेको भन्दै चौतारा सागाचोकगढी नगरपालिका-६ का ३० वर्षीय विनय लामाविरुद्ध पीडितले चैत २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २८ गते ब्याङ्चे पानीबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २३ गते चौतारा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख १३ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

५४ वर्षीया महिलालाई ०८० वैशाख २१ गते बेलुकी बलात्कार गरेको भन्दै ४९ वर्षीय भाइ नातापर्ने विरुद्ध पीडितले वैशाख ३१ गते इलाका प्रहरी कार्यालय, मेलम्चीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख ३१ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख ३१ गते प्राथमिक स्वास्थ्य केन्द्र, मेलम्चीमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १६ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६० वर्षीया महिलालाई ०७९ चैत २१ गते घरमा बलात्कार प्रयास गरेको भन्दै इन्द्रावती गाउँपालिका-१, सिंपालकाभ्रेका ५३ वर्षीय आइतराम तामाङविरुद्ध पीडितकी बुहारीले चैत २४ गते इलाका प्रहरी कार्यालय, नवलपुरमा उजुरी दिइन्। प्रहरीले आरोपित तामाङलाई चैत २८ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २४ गते नवलपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख ५ गते बलात्कार प्रयास गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४३ वर्षीया महिलालाई ०८० जेठ २४ गते घाँस काट्न गएको अवस्थामा बलात्कार प्रयास गरेको भन्दै त्रिपुरासुन्दरी गाउँपालिका-३, धुस्कुनका ५९ वर्षीय चक्रबहादुर अधिकारीविरुद्ध पीडितले जेठ २६ गते इलाका प्रहरी कार्यालय, बाह्रविसेमा उजुरी दिइन्। प्रहरीले आरोपित अधिकारीलाई जेठ २९ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ २६ गते प्राथमिक स्वास्थ्य केन्द्र, बाह्रविसेमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत असार १३ गते बलात्कार प्रयास गरेको अभियोगमा जिल्ला अदालतमा जेठ १२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १३ गतेको आदेशले आरोपितलाई १ लाख ५० हजार धरौटीमा रिहा भए गऱ्यो।

**धादिङ**

५१ वर्षीया महिलालाई ०७९ चैत ३० गते बलात्कार प्रयास गरेको भन्दै गजुरी गाउँपालिका-७ का ७० वर्षीय मानबहादुर अधिकारीविरुद्ध पीडितले चैत ३० गते इलाका प्रहरी कार्यालय, गजुरीमा उजुरी दिइन् । प्रहरीले आरोपितलाई चैत ३० गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत ३० गते धादिङ अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख २१ गते जबरजस्ती करणीको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२६ वर्षीया महिलालाई ०८० जेठ २१ गते बलात्कार प्रयास गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडितले जेठ २२ गते इलाका प्रहरी कार्यालय, गजुरीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ २१ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ २२ गते धादिङ अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार १० गते जबरजस्ती करणीको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १० गतेको आदेशले आरोपितलाई बालक भएकोले साधारण तारेखमा अभिभावकको जिम्मा लगायो।

**नुवाकोट**

२६ वर्षीया महिलालाई ०७९ चैत ३० गते बलात्कार प्रयास गरेको भन्दै रसुवा जिल्ला गोसाईकुण्ड गाउँपालिका-५ स्याफ्रुबेंसीका २८ वर्षीय ग्याल्सन तामाङविरुद्ध पीडित पक्षले ०८० वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ४ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख २ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले

आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २५ गते बलात्कार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २७ गतेको आदेशले आरोपितलाई ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

२० वर्षीया महिलालाई ०८० वैशाख १९ गते बलात्कार प्रयास गरेको भन्दै दुप्चेश्वर गाउँपालिका-२ का २५ वर्षीय प्रेमसिंह तामाङविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा वैशाख २० गते उजुरी दिइन्। आरोपित तामाङलाई प्रहरीले वैशाख २० गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख २० गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ५ गते बलात्कार प्रयास अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ७ गतेको आदेशले आरोपितलाई ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१९ वर्षीया महिलालाई ०८० जेठ १ गते बलात्कार गरेको भन्दै सुनसरी जिल्ला बराहक्षेत्र नगरपालिका-६ घर भएका लिखु गाउँपालिका-३ बस्ने २९ वर्षीय खम्बराज कोइरालाविरुद्ध पीडितले जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित कोइरालालाई प्रहरीले जेठ ३ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ ३ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ २३ गते बलात्कार अभियोगमा अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २४ गतेको आदेशले आरोपितलाई ९० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

२६ वर्षीया महिलालाई ०८० जेठ १६ गते बलात्कार गरेको भन्दै शिवपुरी गाउँपालिका-६ का ४० वर्षीय सूर्यबहादुर तामाङविरुद्ध पीडित पक्षले जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ २१ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार ६ गते बलात्कार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**काठमाडौँ**

१९ वर्षीया युवतीलाई ०८० वैशाख १४ गते तीनचुलीस्थित होटलमा लगेर बलात्कार गरेको भन्दै काठमाडौँ महानगरपालिका-१५, स्वयम्भू बस्ने ३७ वर्षीय कर्मा घलेविरुद्ध पीडित पक्षले वैशाख १५ गते प्रहरी वृत्त, बौद्धमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १५ गते स्वयम्भूबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १५ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा जिल्ला अदालतमा जेठ ८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२२ वर्षीया महिलालाई ०८० जेठ २२ गते बलात्कार गरेको भन्दै नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिका-७ घर भई हाल नागार्जुन नगरपालिका-४, बाफल डेरा गरी बस्ने ३५ वर्षीय कृष्ण तामाङविरुद्ध पीडित पक्षले जेठ २३ गते प्रहरी वृत्त, स्वयम्भूमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २३ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ २३ गते प्रसुती गृह अस्पताल, थापाथलीमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा जिल्ला अदालतमा असार १७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२४ वर्षीया महिलालाई ०७९ चैत २७ गते बलात्कार गरेको भन्दै तनहुँ जिल्ला घर भई हाल काठमाडौँ महानगरपालिका-२६, नयाँ बसपार्क बस्दै आएका ३२ वर्षीय राम रसाईलीविरुद्ध पीडित पक्षले ०८० वैशाख १९ गते जिल्ला प्रहरी परिसर, काठमाडौँको महिला बालबालिका तथा जेष्ठ नागरिक सेल कालिमाटीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १९ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जिल्ला अदालतमा जेठ १३ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४१ वर्षीया महिलालाई ०८० वैशाख १५ गते बलात्कार गरेको भन्दै तारकेश्वर नगरपालिका-१०, मनमैजु बस्दै आएका ३१ वर्षीय लोक बहादुर मगरविरुद्ध पीडित पक्षले वैशाख १९ गते प्रहरी वृत्त, लैनचौरमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १९ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जिल्ला अदालतमा जेठ १२ गते मुद्दा दर्ता

गऱ्यो। जिल्ला अदालतको जेठ १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१९ वर्षीया युवतीलाई ०८० वैशाख २२ गते बलात्कार प्रयास गरेको भन्दै उदयपुर जिल्ला त्रियुगा नगरपालिका-५ घर भई हाल गोकर्णेश्वर नगरपालिका-६ नयाँबस्ती बस्दै आएका २५ वर्षीय अशोक थापामगरविरुद्ध पीडित पक्षले वैशाख २८ गते प्रहरी वृत्त, बालाजुमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २८ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जिल्ला अदालतमा ०८० जेठ २१ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले जेठ २१ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२० वर्षिया महिलालाई ०८० वैशाख ५ गते बलात्कार प्रयास गरेको भन्दै धादिङ जिल्ला निलकण्ठ नगरपालिका-१२ घर भएका २० वर्षीय ईश्वर मगरविरुद्ध पीडित पक्षले वैशाख १४ गते प्रहरी वृत्त कालिमाटीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १४ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा जिल्ला अदालतमा जेठ ७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### भक्तपुर

२२ वर्षीया महिलालाई ०७९ चैत २२ गते बलात्कार गरेको भन्दै ललितुर जिल्ला साबिक नल्लु गाउँपालिका-३ घर भई हाल भक्तपुर जिल्ला कोल्जोसोङ गाउँपालिका-७ मा बस्दै आएका २६ वर्षीय शिवहरी थापा र सोही ठाउँको ३० वर्षीय हरी कृष्ण थापाविरुद्ध पीडित पक्षले चैत २३ गते प्रहरी वृत्त, जगातीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण २३ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा चैत २६ गते आरोपितविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

२० वर्षीया युवतीलाई ०८० वैशाख १० गते बलात्कार गरेको भन्दै रुकुमको त्रिबेणी गाउँपालिका-९ घर भई हाल भक्तपुरको सूर्यविनायक नगरपालिका-९, पलासेमा बस्दै आएका २३ वर्षीय अनिल गिरीविरुद्ध पीडित पक्षले वैशाख ११ गते प्रहरी वृत्त, जगातीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ११ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा वैशाख १४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

२७ वर्षीया महिलालाई ०८० वैशाख १३ गते बलात्कार गरेको भन्दै झापा जिल्ला दमक घर भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका-६, हात्तिचोकमा बस्दै आएका ५४ वर्षीय धनपती भट्टराईविरुद्ध पीडित पक्षले वैशाख १४ गते प्रहरी वृत्त, जगातीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १४ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा वैशाख १६ गते आरोपितविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

१९ वर्षीया युवतीलाई आरोपितले पीडितलाई ०८० जेठ १३ गते बलात्कार गरेको भन्दै सिन्धुपाल्चोक घर भई हाल चाङ्गुनारायण नगरपालिका-१ मा बस्दै आएका १९ वर्षीय सुमन घिसिङविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी परिसरमा सोही दिन उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १३ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जेठ १७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

१९ वर्षीया युवतीलाई ०८० वैशाख २२ गते बलात्कार प्रयास गरेको भन्दै गोरखा जिल्ला आरुघाट गाउँपालिका-७ घर भई हाल भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-१, लोकन्थलीमा बस्दै आएका ४५ वर्षीय ज्ञानबहादुर थापा मगरविरुद्ध पीडित पक्षले वैशाख २३ गते प्रहरी वृत्त, ठिमीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २३ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा वैशाख २७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो।

### ललितपुर

३० वर्षीया महिलालाई ०८० वैशाख ९ गते बलात्कार गरेको भन्दै काभ्रे जिल्ला तेमाल गाउँपालिका-५ घर भइ महालक्ष्मी नगरपालिका-६, सिद्धिपुर बस्ने १९ वर्षीय सन्तोस तामाङविरद्ध पीडितले वैशाख १५ गते प्रहरी

वृत्त, सातदोबाटोमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १६ गते पाटन अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ९ गते बलात्कार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२६ वर्षीया महिलालाई ०८० वैशाख १९ गते बलात्कार गरेको भन्दै उदयपुर जिल्ला कटारी नगरपालिका-४ घर भइ महालक्ष्मी नगरपालिका-४ इमाडोल बस्ने २३ वर्षीय टंक बहादुर बि.क.विरुद्ध पीडित पक्षले वैशाख २१ गते प्रहरी वृत्त, सातदोबाटोमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते पाटन अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १६ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३९ वर्षीया महिलालाई ०८० वैशाख १९ गते वैवाहिक बलात्कार गरेको भन्दै ललितपुर महानगरपालिका-२९ हरिसिद्धि बस्ने ३९ वर्षीय नवाङ बलविरुद्ध पीडितले वैशाख २१ गते प्रहरी वृत्त, सातदोबाटोमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते पाटन अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १६ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**काभ्रे**

५७ वर्षीया महिलालाई ०८० वैशाख ४ गते बलात्कार गरेको भन्दै खानीखोला गाउँपालिका-७, खोल्मेडाँडाका ५८ वर्षीय डिलबहादुर पुलामीविरुद्ध पीडित पक्षले वैशाख ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ११ गते धुलिखेल अस्पतालमा भयो।

**मकवानपुर**

३० वर्षीया महिलालाई ०७९ चैत २० गते बलात्कार गरेको भन्दै हेटौँडा उपमहानगरपालिका-८ कमानेका ४५ वर्षीय रमेश बञ्जराविरुद्ध पीडितले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत ३० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ३० गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख २१ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश श्रीप्रसाद सञ्जेलको वैशाख २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२२ वर्षीया महिलालाई ०८० वैशाख ३१ गते बलात्कार गरेको भन्दै हेटौँडा उपमहानगरपालिका-१६, घ्याम्पेका २४ वर्षीय अजय सिलवालविरुद्ध पीडितले जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ ११ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ ११ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ ३२ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश श्रीप्रसाद सञ्जेलको असार १ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२२ वर्षीय महिलालाई ०८० जेठ ८ गते बलात्कार गरेको भन्दै मनहरी गाउँपालिका-६ का ३० वर्षीय अमित कुमार पुर्वछानविरुद्ध पीडितले जेठ १८ गते इलाका प्रहरी कार्यालय, मनहरीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ १८ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ १८ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार ३ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाको असार ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२५ वर्षीया महिलालाई ०८० वैशाख २५ गते बलात्कार गरी भागेको भन्दै थाहा नगरपालिका-१२ का २७ वर्षीय विकास स्याङ्तानविरुद्ध पीडित पक्षले जेठ १६ गते इलाका प्रहरी कार्यालय, पालुङमा उजुरी दिए। प्रहरीले आरोपितलाई जेठ १७ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ १७ गते पालुङ स्वास्थ्य केन्द्रमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असार ३ गते जिल्ला अदालतमा

जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनकुमारी जिएमको असार ४ गतेको इजासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४१ वर्षीया महिलालाई ०८० वैशाख १६ गते बलात्कारको प्रयास गरी भागेको भन्दै हेटौँडा उपमहानगरपालिका-८, कमानेका ३६ वर्षीय कृष्ण राईविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा वैशाख १७ गते उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख १७ गते हेटौँडा अस्पतालमा भयो। घटनापछि आरोपित फरार रहेकोले खोजी भैरहेको डिएसपी टेकबहादुर कार्कीले बताए।

३९ वर्षीया महिलालाई ०८० वैशाख २ गते बलात्कार प्रयास गरेको भन्दै बकैया गाउँपालिका-६ का ७६ वर्षीय दुधबहादुर भोम्जनविरुद्ध पीडितले वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख ३ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख ३ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् वैशाख २४ गते जिल्ला अदालतमा जबरजस्ती करणीको कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाको वैशाख २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**चितवन**

४० वर्षीया महिलालाई ०७९ चैत २५ गते बलात्कार गरेको भन्दै रत्ननगर नगरपालिका-३, तराकरी चोकका ५० वर्षीय हरिनारायण चौधरीविरुद्ध पीडितले चैत २८ गते इलाका प्रहरी कार्यालय, रत्ननगरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २८ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २८ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ०८० वैशाख २४ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीय युवतीलाई ०८० वैशाख १० गते बलात्कार गरेको भन्दै रूपन्देही जिल्ला सियारी गाउँपालिका-३, लक्ष्मिपुरका २४ वर्षीय हृदेश कुमार दुवेविरुद्ध पीडित पक्षले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २७ गते नारायणगढमा गिरफ्तार गऱ्यो। पीडित युवतीको स्वास्थ्य परीक्षण वैशाख २७ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जेठ १९ गते बलात्कारको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## दुर्व्यवहार

**ललितपुर**

ललितपुर जिल्ला अदालतको नायब सुब्बा ३२ वर्षीया प्रेमिका तामाङलाई ०८० असार १३ गते आफूमाथि कार्यालय पोसाकमा कार्यालयमै बसेर काम गरिरहेको समयमा आक्रमण गरी दुर्व्यवहार गरेको भन्दै काठमाडौँ महानगरपालिका-१४, कलङ्कीका ३६ वर्षीय अमिर लामिछानेविरुद्ध पीडितले असार १५ गते जिल्ला प्रहरी परिसरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले असार १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १३ गते पाटन अस्पतालमा भयो। मुद्दाको मिसिल र आदेश हेर्न फाइल लिन खोजेपछि पीडित तामाङले मिसिल बाहिर लान मिल्दैन भन्दा आफूमाथि हातपात भएको उल्लेख गर्दै मुक्का प्रहारबाट दुई ओटा दाँत हल्लिनुका साथै ओठमा चोट लागेको बताइन्। त्यसैगरी आरोपित लामिछानेले महिला कर्मचारीलाई लछारपछार गर्दा तामाङको सरकारी पोसाकको बाहुलासमेत च्यातिएको छ। महिला कर्मचारीमाथि अदालत परिसरभित्रै हातपात भएपछि प्रहरीले लामिछानेलाई गिरफ्तार गरी असार १५ गते जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धानका लागि हिरासतमा राखेको छ।

## दाइजो जनित हिंसा

**काठमाडौँ**

काठमाडौँ महानगरपालिका-१ स्थित दाइजोमा ५० लाख रुपियाँ माग्दै विवाह रद्द गर्न खोज्ने सुनसरी जिल्ला दुहवी नगरपालिका-६ स्थायी घर भइ हाल काठमाडौँ महानगरपालिका-१३, ताहाचल बस्ने ३२ वर्षीय बेहुला अनुराग रौनियारलाई प्रहरीले ०८० असार १२ गते काठमाडौँ महानगरपालिका-१, नक्सालबाट गिरफ्तार गऱ्यो। अमेरिकी ग्रिनकार्ड होल्डर समेत रहेका रौनियारले बेहुलीको पक्षबाट जन्तीलाई राम्रो स्वागत नगरेको र आफूले मागे बमोजिम दाइजो नपाएको भन्दै विवाह रद्द गर्ने धम्की दिएपछि पीडित परिवारले प्रहरी वृत्त, मालीगाउँमा असार १२ गते उजुरी दिए। जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी सिताराम रिजालका

अनुसार विवाह खर्च भन्दै बेहुला पक्षले बेहुली पक्षबाट पटकपटक गरी २२ लाख रुपियाँ लिएको र अझै दाइजो नपाएको भन्दै बेहुलीलाई गाली, बेइज्जती र हातपात समेत गरेका थिए। प्रहरीले जिल्ला अदालतबाट असार १२ गते पाँच दिनको म्याद थप गर्दै आरोपितलाई अनुसन्धानका लागि हिरासतमा राखेको छ।

## साईबर अपराध

### काठमाडौँ

२६ वर्षीया महिलालाई सामाजिक सञ्जाल मार्फत फेसवुकको दुरुपयोग गरी ललाइ फकाइ अश्लिल क्रियाकलाप गर्न बाध्य पारेर उक्त भिडियो रेकर्ड गरी आफूले भने अनुसार नगरे रेकर्ड गरेको भिडियो साथीहरूलाई पठाइदिने भनेर अनुकूल व्यक्तिगत फाइदा समेत लिई दुर्व्यवहार गरेको भन्दै कीर्तिपुर नगरपालिका-६ का ३५ वर्षीय नरेन्> केसीविरुद्ध पीडित पक्षले ०८० वैशाख २५ गते प्रहरी प्रधान कार्यालयको साइवर ब्युरो, भोटाहिटीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा जिल्ला अदालतमा जेठ २१ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२४ वर्षीया महिलालाई सामाजिक सञ्जालमार्फत टिकटक आइडीमार्फत साथी बनेर कुराकानी गर्ने क्रममा स्क्रीन रेकर्ड गर्ने, भेट्न बोलाउने र बोलाएको स्थानमा भेट्न नजाँदा फेक आइडी मार्फत अश्लील क्याप्सन राखी अश्लिल भिडियो बनाएर विभिन्न सामाजिक सञ्जालमा अपलोड गर्ने गरेर चरित्र हत्या गरी दुर्व्यवहार गरेको भन्दै जुम्लाको तिला गाउँपालिका-९, रासा घर भई हाल भक्तपुरको चाँगुनारायण नगरपालिका-२, दुवाकोटमोड बस्ने २३ वर्षीय दिनेशकुमार राउतविरुद्ध पीडित पक्षले ०८० जेठ २० गते प्रहरी प्रधान कार्यालयको साइवर ब्युरो, भोटाहिटीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जिल्ला अदालतमा असार १४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३० वर्षीया महिलालाई सामाजिक सञ्जालमार्फत फेसबुकमार्फत साथि बनेर कुराकानी गर्ने क्रममा मन पराउने, माया गर्ने भन्दै गोप्य तस्बिर र भिडियो माग गर्ने, भेट्न बोलाउने र बोलाएको स्थानमा भेट्न नजाँदा पुरानो तस्बिर र भिडियो विभिन्न सामाजिक सञ्जालमा अपलोड गर्ने गरेर पीडितकी पति र आफन्तलाई पठाएर चरित्र हत्या गरी दुर्व्यवहार गरेको भन्दै सुनसरी जिल्ला दुहवी नगरपालिका-१० का ३५ वर्षीय कुलदिप चौधरीविरुद्ध पीडित पक्षले ०८० वैशाख २९ गते प्रहरी प्रधान कार्यालयको साइवर ब्युरो, भोटाहिटीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा जिल्ला अदालतमा असार २० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२४ वर्षीया महिलालाई सामाजिक सञ्जालमार्फत फेसबुक/ टिकटक लगायत सामाजिक सञ्जालमा पीडित महिलाको नामबाट नक्कली आइडी खोली अश्लिल तस्बिर र भिडियोमा फोटो टाँसेर पीडित महिलाको चरित्रहत्या गरी दुर्व्यवहार गरेको भन्दै पर्वतको कुश्मा नगरपालिका-१४ घर भएका ४२ वर्षीय राम कुमार सुनारविरुद्ध पीडित पक्षले ०८० जेठ २४ गते प्रहरी प्रधान कार्यालयको साइवर ब्युरो, भोटाहिटीमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २८ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा जिल्ला अदालतमा असार २१ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## परिवारजनबाट हत्या

### दोलखा

मेलुङ गाउँपालिका-१, पवटी स्थित पिपलबोटकी ३२ वर्षीया कल्पना भुजेललाई घरायसी विवादमा हत्या गरेको आरोपमा भाइ २३ वर्षीय रामभरत भुजेललाई प्रहरीले ०८० वैशाख २३ गते गिरफ्तार गरेको छ। पीडित पक्षले आरोपितविरुद्ध वैशाख २३ गते उजुरी दिएको थियो। जिल्ला प्रहरी कार्यालयका इस्पेक्टर राजेश सिग्देलका अनुसार बोली नआउने र कान नसुन्ने आरोपितले वैशाख २२ गते महिलालाई दाउराले टाउकोमा प्रहार गरेका थिए। शवको पोष्टमार्टम वैशाख २३ गते पशुपति स्मृति अस्पताल, चरिकोटमा गरी सही दिन आफन्तले शव बुझी चर्नावतीमा सतगत् गरेका थिए। यस घटनाको आरोपितविरुद्ध थप अनुसन्धान भइरहेको इन्स्पेक्टर सिग्देलले जानकारी दिनुभयो।

### काठमाडौँ

टोखा नगरपालिका-८, गंगबु बस्दै आएकी ४८

वर्षीया मोतीमाया पौडेलको ०८० वैशाख ३० गते हत्या गरेको आरोपमा प्रहरीले मोतीमायाका पति धनकुटाको चौबिसे गाउँपालिका-३ का ५५ वर्षीय मि मा शेर्पालाई ०८० वैशाख ३० गते गंगबुबाटै गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी सिताराम रिजालका अनुसार पति पत्नीबीच झगडा भएका बेला रक्सी खाएका शेर्पाले लौरोले हान्दा मोतीमायाको घटनास्थलमै मृत्यु भएको थियो। शवको त्रिविवि शिक्षण अस्पताल महाराजगंजमा ०८० वैशाख ३१ गते पोस्टमार्टम भएपछि पीडित पक्षले सोही दिन अस्पतालबाट शव बुझेर पशुपति आर्यघाटमा शवको सदगत गरे। पीडित पक्षले महानगरीय प्रहरी वृत महाराजगंजमा आरोपितविरुद्ध वैशाख ३१ गते उजुरी दिए। प्रहरीले वैशाख ३१ गते जिल्ला अदालतबाट ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राखेर घटनाबारे अनुसन्धान सुरु गऱ्यो। उक्त घटनामा प्रहरीले जिल्ला सरकारी वकिलको कार्यलयको सहयोगमा आधारमा आरोपितविरुद्ध जिल्ला अदालतमा जेठ २२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन>प्रसाद श्रेष्ठको इजलासले जेठ २३ गते थुनछेक बहसमार्फत आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

**काभ्रे**

पनौती नगरपालिका-११, बलथलीकी ९४ वर्षीया कान्छीमाया थापाको ०७९ चैत २९ गते घरायसी विवादमा खुर्पाले टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा छोरा ५४ वर्षीय विश्वबन्धु थापाविरुद्ध पीडितका आफन्तले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत २९ गते घरबाटै गिरफ्तार गऱ्यो। घाइते महिलालाई उपचारका लागि बनेपास्थित शीरमेमोरियल अस्पतालमा लगिएकोमा अस्पताल पुग्नासाथ मृत्यु भएको थियो। शवको पोष्टमार्टम चैत ३० गते धुलिखेल अस्पतालमा गरी सोही दिन पनौतीको त्रिवेणीघाटमा सदगत् गरे।

नमोबुद्ध नगरपालिका-११ निवासी सोही वडाको दलित महिला वडा सदस्य ४५ वर्षीया ज्ञानी विकको जेठ २९ गते घरायसी विवादमा कुटपिट गरी हत्या गरेको आरोपमा पति ४८ वर्षीय शम्भु विकविरुद्ध पीडितका आफन्तले जेठ ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०८० जेठ ३२ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयका डिएसपी ढुण्डीराज न्यौपानेका अनुसार आरोपितले जेठ २९ गते पत्नीलाई घरायसी विवाद हुँदा कुटपिट गरेका थिए। कुटपिटबाट टाउको र शरीरको विभिन्न भागमा चोट लागि गम्भीर घाइते भएको डिएसपी न्यौपानेले बताए। घाइते महिलालाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा जेठ ३२ गते मृत्यु भयो। शवको पोष्टमार्टम जेठ ३२ गते धुलिखेल अस्पतालमा भयो। शवको दाहसंस्कार असार २ गते पनौतीको त्रिवेणीघाटमा गरिएको ११ नम्बर वडा अध्यक्ष कृष्णबाहादुर तामाङले बताए।

**मकवानपुर**

हेटौँडा उपमहानगरपालिका-१५ का सात वर्षीय र १८ वर्षीय छोराहरूलाई ०८० जेठ १७ गते विष खुवाई मारेको आरोपमा सोही ठाउँकी २६ वर्षीया आमा सोनी भन्ने संजिला पाखिनलाई प्रहरीले असार ४ गते गिरफ्तार गऱ्यो। आरोपित आमाले जेठ १७ गते आफूसहित दुई छोरालाई झार मार्न प्रयोग हुने विषादी खुवाइन्। घटनाबारे परिवारका अन्य व्यक्तिले थाहा पाएपछि तीन जनालाई उपचारका लागि हेटौँडा अस्पताल लगिएकोमा सोही दिन थप उपचारको लागि चितवनको नयाँ मेडिकल कलेजमा रिफर गऱ्यो। चितवन अस्पतालमा उपचारको क्रममा सात वर्षीय छोरा जेनिश वाइवाको मृत्यु भयो भने आरोपित आमा र १८ वर्षीय छोरा उपचारपछि घर फर्किए। सात वर्षीय छोराको मृत्युपछि परिवारले असार ३ गते आरोपित आमाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपित आमालाई कर्तव्य ज्यानसम्बन्धी कसुरमा असार ४ गते गिरफ्तार गऱ्यो। यस घटनाको अनुसन्धान भइरहेको छ।

थाहा नगरपालिका-५ की ३३ वर्षीया चमेली ब्लोनलाई ०८० जेठ १६ गते विष खुवाई मारेको आरोपमा प्रहरीले थाहा नगरपालिका-५ का दाजुहरु ३७ वर्षीय विष्णु सिसिर मगर र ४० वर्षीय भुवन सिं रुम्बालाई ०८० जेठ २० गते गिरफ्तार गऱ्यो। आरोपित दाजुहरुले जेठ १६ गते विष खुवाई हत्या गरेको भनी पीडित महिलाको ज्वाइँ विशाल बहादुर ब्लोनले आरोपिहरुविरुद्ध इलाका प्रहरी कार्यालय, पालुङमा उजुरी दिए। शवको जेठ १९ गते सामाजिक परम्परा अनुसार सद्गत भयो। पीडितको उजुरीका आधारमा प्रहरीले आरोपिहरुलाई जेठ २० गते गिरफ्तार गरी जेठ ३१ गते जिल्ला अदालतमा कर्तव्य ज्यान कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश ऋषिराम निरौलाको ०८० असार १ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागी थुनामा पठायो।

## सबैप्रकारका जातीय विभेद

**काठमाडौँ**

पोखरा महानगरपालिका-२ घर भई हाल टोखा नगरपालिका-९ सृजनशील टोल बस्दै आएका ३७ वर्षीय आयुष परियारले आफूमाथि जातीय विभेद गरेको भन्दै गोरखा घर भई काठमाडौँ महानगरपालिका-१६, सृजनशील टोल बस्दै आएका ३६ वर्षीय कपिल अमगाईविरुद्ध प्रहरी वृत्त बालाजुमा ०७९ चैत २० गते जातीय विभेदको उजुरी दर्ता गरे। परियारले काठमाडौँ महानगरपालिका-१६ शुभकामना टोलका नवराज अमगाईको छोराको ब्रतबन्धका क्रममा बाजा बजाउन आएका आफुँलगायतको टोलीलाई कपिलले भोज खाने लाईनबाट अलग्गै राखेको र घरभित्रको शौचालय प्रयोग गर्न नदिएको भन्दै प्रहरी वृत्त, बालाजुमा चैत २० गते जातीय विभेदको उजुरी दर्ता गराएका थिए। प्रहरीले घटनाका आरोपित कपिललाई ०७९ चैत २५ गते गोरखाबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा ०७९ चैत २६ गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा जिल्ला अदालत काठमाडौँका न्यायाधीश शंकरबहादुर राईको ०७९ चैत ३० गतेको इजलासले आरोपितलाई १ लाख धरौटीमा रिहा गर्न आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

**सिन्धुली**

सिन्धुली अस्पतालमाको लापरबाहीका कारण कमलामाई नगरपालिका-५ की २९ वर्षीया गर्भवती गंगा श्रेष्ठको सिन्धुली अस्पतालमा उपचारको क्रममा मृत्यु भएपछि आक्रोसित भिड र प्रहरीबीच ०८० जेठ १० गते झडप भयो। झडपमा परी जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा कार्यरत प्रहरी सहायक हवल्दा रोशन श्रेष्ठ, प्रहरी निरीक्षक रामभक्त भट्टराई, प्रहरी नायव निरीक्षक कैलाश बुढाथोकी, प्रहरी जवान रामबहादुर कार्की, प्रवेश कुमार यादव घाइते भए। घाइतेहरूको सिन्धुली अस्पतालमा उपचार भयो।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**बागमती प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : गणेश भण्डारी, **संयोजन/सम्पादन** : सोम नेपाली

हेटौँडा उपमहानगरपालिका-२, संगमचोक, मकवानपुर, फोन : ०५७-५९०५५२

इमेल : hetauda@insec.org.np, Website : www.inseconline.org